# मिति २०७५।५।६ मा बसेको प्रदेश मन्त्रिपरिषदको बठकको निर्णय

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/२४/२०७५-०५-०५ को प्रशासकीय कार्यविधी (नियमित गर्ने) विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने सम्बन्धी प्रस्ताव – "आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्ने" ।-

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. ०२/०७/२०७५-०५-५ को प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि स्वीकृति गर्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तुत प्रस्तावमा देहाय बमोजिम गर्नेः

क) प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ को उपदफा (२) मा भएको "उपदफा (१) बमोजिमको प्रदेश राजपत्र प्रदेश सरकारले अनुरोध गरेमा नेपाल सरकारको मुद्रण विभागले प्रकाशन गर्नसक्नेछ ।"भन्ने वाक्यांशको सट्टा "उपदफा (१) बमोजिमको प्रदेश राजपत्र प्रकाशनका लागि नेपाल सरकारको मुद्रण विभागमा अनुरोध गर्न सकिनेछ ।" भन्ने वाक्यांश राखे ।-

३. माननीय भौतिक पूर्वाधार विकास मन्त्रीज्यूबाट प्रस्तुत खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र पूर्वाधार विकास कार्यालयको साविकको स्वीकृत संरचना र दरवन्दीमा परिमार्जन गरी अनुसूची १.१, १.२, १.३, १.४ बमोजिमको संगठन संरचना र अनुसूची २.१, २.२, २.३, २.४ बमोजिमको दरवन्दी तेरिज स्वीकृतिको लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने सम्बन्धी प्रस्ताव –"प्रस्तुत प्रस्तावमा देहाय बमोजिम हुन नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने ।-

क) प्रदेश भित्रका गोरखा, तनहुँ, लमजुङ, कास्की, स्याङजा, पर्वत, वागलुङ, म्याग्दी र नवलपरासी (वर्दघाट सुस्तापूर्व) का जिल्लामा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरुका लागि संलग्न अनुसूची १.१ बमोजिमको संगठन संरचना र अनुसूची २.१ बमोजिमको दरवन्दी स्वीकृत भई कार्यालय संचालन हुन ।-

ख) प्रदेश भित्रका मनाङ र मुस्ताङ जिल्लाको लागि खानेपानी तथा सरसफाई सव-डिभिजन कार्यालयहरुका लागि संलग्न अनुसूची १.२ बमोजिमको संगठन संरचना र अनुसूची २.२ बमोजिमको दरवन्दी स्वीकृत भई कार्यालय संचालन हुन ।-

ग) प्रदेश भित्रका गोरखा, तनहुँ, लमजुङ, कास्की, स्याङजा, पर्वत, वागलुङ, म्याग्दी र नवलपरासी (वर्दघाट सुस्तापूर्व) का जिल्लामा पूर्वाधार विकास कार्यालयहरुका लागि संलग्न अनुसूची १.३ बमोजिमको संगठन संरचना र अनुसूची २.३ बमोजिमको दरवन्दी स्वीकृत भई कार्यालय संचालन हुन ।-

घ) प्रदेश भित्रका मनाङ र मुस्ताङ जिल्लाका पूर्वाधार विकास कार्यालयका लागि संलग्न अनुसूची १.४ बमोजिमको संगठन संरचना र अनुसूची २.४ बमोजिमको दरवन्दी स्वीकृत भई कार्यालय संचालन हुन ।-"

OCMCM, Gandaki